नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

२०७५।०४।१५

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा (दंगाल) ज्यूले प्रस्तुत गर्नु भएको महालेखा परीक्षकको कार्यालयलको आ.ब. २०७४।७५ को लेखा परीक्षण योजनाका सम्बन्धमा नेपाल सरकारका सबै सचिवज्यूहरुसँगको बैठक सम्पन्न भयो ।

बैठकमा माननीय महालेखापरीक्षकज्यूले बेरुजुको रकम प्रत्येक बर्ष बढ्दै गएको प्रति चिन्ता व्यक्त गर्दै महालेखा परीक्षकको कार्यालयले बेरुजु औंल्याउनु भन्दा बेरुजु आउनै नदिने गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार हुनुपर्नेमा जोड दिनु भयो । प्रस्तुत लेखापरीक्षण योजना अनुसार आ.ब. २०७४।७५ को लेखापरीक्षण निम्नानुसार हुनेः

- संघ,प्रदेश र स्थानीय तह गरी ६ हजार निकायको लेखापरीक्षण गरिने,
- ३३ बिषयको कार्यमूलक र ३ बिषयको सूचना प्रविधि सम्बन्धी लेखापरीक्षण गरिने,
- २०७५ साउन १५ देखि शुरु गरी माघ मसान्तसम्ममा सम्पन्न गर्ने,
- जिल्लागत टोली खटाई स्थलगतरुपमा सम्बद्ध पक्षहरुबीच बैठक बस्ने,
- सरकारी निकायमा कर्मचारी, स्थानीय तहमा लेखापरीक्षक सहयोगी र सँस्थानहरुमा बाह्य लेखापरीक्षक मार्फत लेखापरीक्षण हुने,
- लेखापरीक्षणको क्रममा जिम्मेवार पदाधिकारी बीच र वार्षिक प्रतिवेदन तयारीको क्रममा लेखा उत्तरदायी अधिकारीसँग छलफल गरिने,
- लेखापरीक्षणको क्रममा विगतको बेरुजू सम्परीक्षण समेत गरिने,
- फछ्र्यौट नभएका विषयहरूमा माननीय मन्त्रीज्यूहरूलाई जानकारी गराइने र
- २०७५ चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदन पेश गर्ने ।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले महालेखा परीक्षकज्यूले प्रस्तुत गर्नु भएको लेखापरीक्षण योजना प्रति सन्तोष व्यक्त गर्दै यस योजनाले आर्थिक अनुशासन, खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि, आन्तरिक नियन्त्रण, राजश्व प्रशासन, संस्थान सञ्चालन र सार्वजनिक सेवा प्रवाह लगायतका विषयमा प्रभावकारी नतिजा ल्याउन सहयोग गर्ने विश्वास व्यक्त गर्नु भयो । यसैगरी वहाँले बेरुजु कम गर्न राजनीतिक नेतृत्व समेत आर्थिक रूपमा अनुशासित, जिम्मेवार र उत्तरदायी भइ

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मिति : ........................................

पारदर्शिता र नियमिततालाई प्रवर्द्धन गर्नुपर्ने विषयमा जोड दिनु भयो । यस क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका सचिवज्यूहरूलाई निम्नानुसारका निर्देशनहरु दिनु भयोः

- बेरुजु यसरी सधैं सुनिनु हुदैन । बेरुजुको traditional trend लाई अब break गर्नुपर्ने,
- कार्यसम्पादन गर्दा नै नियमित तरिकाले, आर्थिक अनुशासन, नियम कानुनको परिपालना गरी गर्ने,
- श्रेस्ता बेरुजू (कानूनी जटिलता, हिसाब प्रमाण चुस्त नराखेको आदि कारणले हुने) लाई सम्बन्धित मन्त्रालय तथा निकायले प्रमाण र औचित्यका आधारमा फछ्र्यौट गर्ने तर नगदी बेरुजू (हिनामिना, कर छली आदि) ले मुलुकलाई गम्भीर घाटा पुर्याउने हुँदा यस्ता बेरुजू माथि कडा रुपमा प्रस्तुत भई असुल उपर गर्ने गराउने,
- उत्तरदायित्व वहन गर्न चुक्ने जुनसुकै ओहदाका व्यक्तिले उन्मुक्ति नपाउने गरी कार्य गर्ने,
- बेरुजू आएमा त्यसको फछ्र्यौट गर्नुपर्ने कर्तव्य भएकोले अनिवार्य रूपमा निर्धारित समय भित्र फछ्र्यौट गर्ने ।

बिनोद बहादुर कुँवर
प्रबक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np